# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan, Bagmati Province, Nepal


मिति:२०८१।०२।२०

प.सं. २०८०।०८१
च.नं.

**सूचना !　　　सूचना !!　　　सूचना !!!**

**विषय:सामाजिक सुरक्षा भत्ताको लागि Biometric Verification अनिवार्य हुने अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. ०८०/०८१,च.नं ३८५ मिति २०८१/०१/२४ को प्राप्त परिपत्र अनुसार पहिलो चरणमा मिति २०८१/०४/०१ देखि यस भरतपुर महानगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारीत Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि हाल सम्म राष्ट्रिय परिचयपत्र नबनाउनु भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले नजिकको Enrollment Station( जिल्ला प्रशासन कार्यालय ,चितवन वा भरतपुर महानगरपालिका, राष्ट्रिय परिचयपत्र शाखा ) मा गई राष्ट्रिय परिचयपत्र बनाउनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता भएका तर राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त नभएका लाभग्राहीहरुले https://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्क मार्फत र आफ्नो मोबाइलको Message Box मा गई N<space> 16 –digit आवेदन नम्बर टाईपगरी 30001 मा Message गरी आफ्नो राष्ट्रिय परिचयपत्र नम्बर(NIN) प्राप्त गर्न सकिने छ।

**<u>थप जानकारीको लागि:</u>**

भरतपुर महानगरपालिका,सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा र आफ्नो वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**<u>बोधार्थ:</u>**

श्री वडा कार्यालय सबै:सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी गराई Biometric Verification अनिवार्य गर्नुहुन।

श्री सूचना तथा सञ्चार प्रविधि शाखा,भरतपुर महानगरपालिका: महानगरको वेबसाईट तथा सामाजिक संजाल मार्फत सूचना सम्प्रेषण गर्नुहुन।

(वीरेन्द्रदेव भारती )
प्रमुख प्रशासकीय अधिकृत